का.जि.प्र.का.द.नं. १००/०५१/५०

१५ साउन २०८०,
सोमबार
31 July 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १८६ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# राप्रपा फकाउँदै कांग्रेस, एमाले र माओवादी

गठबन्धनको सरकार बनाउन माओवादी केन्द्र र कांग्रेसको उच्च राजनीतिक नेतृत्वले सत्ता सहकार्यको प्रस्ताव गरेका छन् । कुनै हालतमा राप्रपालाई साथमा लिएर सरकार बनाउने एमालेको प्रयास छ ।

**हाम्रो चाहना कांग्रेस र एमाले मिलेर सरकार बनाउन् भन्ने हो । त्यो स्थायी हुन्छ । पाँच वर्ष ढुक्कै हुन्छ । हामी प्रतिपक्षमा बस्छौं ।**

**■ राजेन्द्र लिङ्देन**
**अध्यक्ष, राप्रपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

कोसी प्रदेशमा नयाँ सरकार गठनका लागि शीर्ष राजनीतिक तहमा कसरत सुरु भएको छ। प्रदेश प्रमुख पर्शुराम खापुङले नयाँ सरकार गठनका लागि आह्वान गरिसकेका छन्। यही साउन १७ गतेभित्र दाबी पेस गर्न समय दिइएको छ। त्यसका लागि बहुमत संख्या पुऱ्याउन शीर्ष राजनीतिक नेतृत्व नै सक्रिय भएका हुन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसँग प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संघदेखि प्रदेशसम्मै सत्ता सहकार्य विकल्प खुला गरेका छन् । यसका लागि कोसी प्रदेश सरकारले ढोका खोल्ने नेताद्धय दाहाल र देउवाको छ ।

यसअघि, प्रदेशसभामा नेपाली कांग्रेस संसदीय दलका नेता रहेका उद्धव थापा नेतृत्वको सरकार संवैधानिक प्रक्रियाअनुसार गठन नभएको भन्दै सर्वोच्च अदालतले नियुक्ति बदर गरेको थियो। सर्वोच्चले कोसीमा सात दिनभित्र नयाँ सरकार गठनको प्रक्रिया बढाउन आदेश दिएको थियो ।

खासगरी कांग्रेससहित गठबन्धनमा आबद्ध दलहरू नयाँ सरकार गठनका लागि छलफलमा जुटेका हुन् । सरकार गठनमा कसरी बहुमत पुऱ्याउने भन्ने विषयमा केन्द्रबाट नै निर्णय गर्ने गरी शीर्ष नेताहरु संवादमा जुटेका हुन् ।

प्रदेशसभाका सभामुख बाबुराम गौतम समेतलाई गणना गरी सरकारमा दाबी पेस गर्दा सर्वोच्चले त्यो प्रक्रिया नै संविधानसम्मत नभएको भन्दै बदर गरिदिएको थियो । अहिले गठबन्धन दलसँग सभामुखबाहेक ४६ मत छ । उनले राजीनामा दिएको सन्दर्भमा भने गठबन्धनसँग बहुमत पुग्ने संख्या ४७ हुनेछ ।

नेकपा एमालेभने गठबन्धनको पछिल्लो प्रयासलाई रोकेर नेपालको संविधानको धारा १६८ (३) बमोजिम ठूलो दलको हैसियतमा आफ्नै नेतृत्वमा सरकार गठन गर्ने प्रयासमा देखिएको छ। सर्वोच्चले दिएको आदेशबमोजिम प्रदेश प्रमुख खापुङले संविधानको धारा १६८ (२) बमोजिम नै दुई वा दुईभन्दा बढी दलको दाबीमा सरकार गठन गर्न आह्वान गरेका छन् । सरकार बनाउनका लागि राप्रपाको साथ एमालेका लागि समेत अनिवार्य छ । ठूलो दलको हैसियतमा सरकार बनाए पनि विश्वासको मत पाउनका लागि एमालेलाई एक मत पुग्दैन । यो अवस्थामा राप्रपाको साथ आवश्यक भएकाले एमाले पनि राप्रपा फकाउँदैछ। सत्ता गठबन्धनमा सहभागी नहुनका लागि राप्रपालाई एमालेको आग्रह छ ।

सत्तागठबन्धनका शीर्ष नेताहरु पनि राप्रपा फकाएर सरकार बनाउने प्रयासमा छन् ।

प्रदेश सभाका सभामुख बाबुराम गौतमलाई राजीनामा दिन लगाएर बहुमत पुऱ्याउने विषयमा शनिबार गठबन्धन दलका नेताले छलफल गरेका थिए। तर, आफूलाई आइतबार साँझसम्म राजीनामा दिन नभनिएको गौतमले बताए । सर्वोच्चको आदेशलगत्तै उनले कमी-कमजोरी अदालतले सच्याइदिएको प्रतिक्रिया दिएका थिए ।

कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सभामुखको राजीनामा पनि एक विकल्प भएको र त्यसलाई कार्यान्वयन गरेर अघि बढ्न सकिने गरी छलफल भएको बताएका छन् ।

गठबन्धन दललाई राप्रपाले साथ दिए सहज ढंगले सरकार बन्न सक्छ । तर, केन्द्रीयस्तरमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेनसँग भएको छलफलमा समेत सो विषयमा सकारात्मक जवाफ नदिइएको बताइएको छ ।

उद्धव थापासँग राप्रपाका कोसी प्रदेश संसदीय दलका नेता भक्ति सिटौलाको राजनीतिक प्रतिशोधका कारण पनि समर्थन नदिने देखिएको एकथरी नेताको तर्क छ । कांग्रेसले »» पृष्ठ २ मा

## सुन तस्करी प्रकरण

# छानबिन समिति बनाउन सत्तापक्ष लचक

सुन तस्करी प्रकरणले नेपाललाई बदनाम गरेकोमा एकमत देखिएका सत्तापक्ष र प्रतिपक्ष छानबिनको विषयलाई लिएर भने विभाजित छन् । तथापि, छानबिन समिति बनाउन सत्तापक्षका सांसदहरु लचक देखिएका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

सत्तापक्ष र प्रतिपक्ष सुन तस्करी प्रकरणले नेपाललाई बदनाम गरेकोमा एकमत छन् । तर, सुन तस्करीमाथिको छानबिनको विषयलाई लिएर भने विभाजित छन् । तथापि, तथापि, छानबिन समिति बनाउन सत्तापक्षका सांसदहरु लचक देखिएका छन् । यस्तो दृष्य आइतबार प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको बैठकमा देखा पऱ्यो ।

समितिको बैठकमा एमाले सांसद योगेश भट्टराईले सुन प्रकरणमा छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठनका लागि समितिले निर्देशन दिनुपर्ने प्रस्ताव गरे ।

'म सँग तथ्य प्रमाण त छैन। तर, यो कुनै अन्तर्राष्ट्रिय आतंकवादीहरूसँग सम्बन्धित पैसा यसमा प्रयोग भएको छ। हतियारसँग सम्बन्धित पैसा यसमा प्रयोग भएको छ । लागुऔषधको कारोबार गर्नेहरूको पैसा यसमा प्रयोग भएको छ' बैठकमा भट्टराईले भनेका छन्, 'यो सामान्य घटना होइन। त्यसकारण उच्चस्तरीय छानबिन समितिको गठन गर्न निर्देशन गरौं । हाम्रो समितिमा प्रधानमन्त्री पदेन सदस्य हो । त्यसकारण हामीले निर्देशन गर्न सक्छौं । साथै मन्त्रीहरू बोलाएर छलफल गरौं ।'

ज्येष्ठ सदस्यको हैसियतमा बैठकको अध्यक्षता गरेका नेपाली कांग्रेसका अर्जुननरसिंह केसीले समिति बनाउन निर्देशन दिन नसकिने तर ध्यानाकर्षण भने गराउने सकिने बताए । 'संसद्ले टुंगो लगाएको छैन। संसद्लाई उछिन्न सकिन्न । ध्यानाकर्षण गर्न सकिन्छ' केसीले भने । त्यसपछि बैठकले सोही अनुसार समिति बनाउन सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

**लेखा समितिको निर्णय**- त्रिभुवन विमानस्थलबाट गैरकानुनीरूपमा भित्रिएको सुन प्रकरणमा तत्काल स्वतन्त्र निष्पक्ष छानबिनका लागि अधिकार सम्पन्न एक उच्चस्तरीय छानबिन समिति गठन गर्न गराउन यो बैठक नेपाल सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँछ ।

'त्रिभुवन विमानस्थलबाट गैरकानुनीरूपमा ठुलो परिमाणमा भित्रिएको सुन प्रकरणमा तत्काल स्वतन्त्र निष्पक्ष छानबिन गर्न अधिकार सम्पन्न एक उच्चस्तरीय छानबिन समिति गठन गर्न गराउन यो बैठक नेपाल सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँछ' बैठकको निर्णयमा लेखिएको छ। साउन १० गते बसेको प्रतिनिधि सभा बैठकमा »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सिजनल भिसामा कसैलाई स्वीकृति दिइएको छैन : मन्त्रालय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मौसमी कामदारको रूपमा वैदेशिक रोजगारीमा श्रमिक पठाउन कसैलाई श्रम स्वीकृति जारी नगरिएको स्पष्ट गरेको छ। पछिल्लो समय विभिन्न सामाजिक सञ्जालको प्रयोग गरी मौसमी कामदारको रूपमा विभिन्न देशमा आकर्षक तलबसहितको रोजगारीमा पठाउने प्रलोभन दिइ ठूलो परिमाणमा रकम ठगी भएको सार्वजनिक भइरहेका बेला मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै मौसमी कामदारको हैसियतमा कसैलाई श्रम स्वीकृति नदिइएको स्पष्ट पारेको हो ।

मन्त्रालयले श्रम स्वीकृति नदिइएको अवस्थामा मौसमी कामदारको रूपमा पठाउने भन्दै रकम मागेमा खबर गर्नसमेत आग्रह गरेको छ । मन्त्रालयले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति प्रदान गरिएको बाहेक अन्य कुनै कागजातमा वैदेशिक रोजगारीमा नजान »» पृष्ठ २ मा

## प्रगतिशील मञ्चद्वारा मेलमिलाप कक्ष निर्माणका लागि चार लाख सहयोग

**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले वैदेशिक रोजगार विभाग ताहाचलमा मेलमिलाप कक्ष निर्माणका लागि चार लाख रूपैयाँभन्दा बढी सहयोग गरेको छ। मञ्चले आफ्ना सदस्य संस्थामार्फत उक्त रकम संकलन गरेको हो । मञ्चका अध्यक्ष जनक रावलले आइतबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीलाई चार लाख नौ सय ६१ रुपैयाँ हस्तान्तरण गरे ।

संघले वैदेशिक रोजगार विभागमा आउने उजुरी मेलमिलापको माध्यमबाट समाधानका लागि सचिव कर्णराज कटुवालको संयोजकत्वमा करिब दुई दर्जन व्यवसायी रहेको समिति गठन गरेको छ । विभाग बुद्धनगरबाट ताहाचल स्थानान्तरण भएपछि मेलमिलाप कक्ष व्यवस्थित भइसकेको छैन। विभागले मेलमिलाप कक्षाका लागि रकम विनियोजन नगरेपछि व्यवसायी आफैं अग्रसर भइ मेलमिलाप कक्ष बनाउन लागेका हुन् । विभागमा पर्ने उजुरी »» पृष्ठ २ मा


## यूएईमा रोजगारको अवसर

कम्पनी: OIL TECH OIL AND GAS SERVICES LLC
शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/०४/०७ चलानी नं.: ६०२०५१४३ LT. No.: 289782

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 115 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Insulation Worker | 70 | 0 | | 1100 | ३९,३२५ | | | | | | | |

Also we need additional positions will be interview - Scaffolder, Scaffolder Helper, Insulators, Sheet Metal Fitter, Sheet Metal Fabricators, Scaffolding Supervisors(CISRS/DIPLOMA or DEGREE and Scaffolding Inspectors (CISR).

अन्तर्वार्ता Gulf Technical Institute, Itahari, Sunsari मा २०८० साउन २२ र २३ गते (7 & 8 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Nile International Technical Tranning Center, Sinamangal Kathmandu मा २०८० साउन २४ गते (9 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Janapriya Hotel, Pokhara, Kaski मा २०८० साउन २५ गते (10 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AJEETS
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Phone : 014579390, 4579391/ E-mail : nepalajeets@gmail.com
Itahari Contact No: 9816391855,025581002 / 9851016758
Kathmandu Contact No:9809494042
9823463896, Pokhara Contact No: 9816658385

**माथि उल्लेखित विज्ञापनको अन्तर्वार्ता मिति परिबर्तन गरिएको सम्बन्धमा सूचना**
Gulf Technical Institute, Itahari, Sunsari मा २०८० साउन १७ र १८ गते (2 & 3 August 2023) लाई साउन २२ र २३ गते (7 & 8 August), Nile International Technical Tranning Center, Sinamangal Kathmandu मा २०८० साउन १९ गते (4 August 2023) लाई साउन २४ गते (9 August) र Janapriya Hotel, Pokhara, Kaski मा २०८० साउन २० गते (5 August 2023) लाई साउन २५ गते (10 August) मा हुनेछ । भनि सम्पूर्णमा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



## प्रेस विज्ञप्ति

नेपाल र मित्र राष्ट्र मलेसियाको दौत्य सम्बन्ध कायम भइ असल मित्र राष्ट्रको रुपमा स्थापित छ । नेपाली श्रमिकहरुको महत्वपूर्ण रोजगार गन्तव्य मलेसियामा ६ लाखभन्दा बढी नेपाली श्रमिकहरु कार्यरत रहेका छन्। श्रमिकहरुको सुरक्षा, रोजगारी, सेवा सुविधालगायतका विषयमा दुई देशबीच श्रम सम्झौतामार्फत श्रमिकको सुरक्षामा विशेष ध्यान दिएर दुई देशको मित्रताले अझ उचाइ लिएको छ। दौत्य सम्बन्ध र श्रमिकको हकहितमा काम गर्ने मलेसियास्थित नेपाली दूतावास र महामहिम राजदूतज्यूको विषयमा विभिन्न सञ्चारमाध्यममा आएका समाचारप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । मलेसिया दूतावासबाट मागपत्र प्रमाणीकरणमा हुने ढिलासुस्ती र श्रमिकहरु अप्ठ्यारोमा परेको विषयमा महामहिम राजदूतज्यू र राजदूतावासप्रति प्रश्न उठ्नु गम्भीर विषय हो । नेपालमा मलेसियाको कम्पनी खडा गरी अनिवार्य तालिम लिएर मात्रै मलेसिया जान पाउने गरी नेपाली दूतावासले त्यहाँको गृह मन्त्रालयलाई प्रस्ताव गरेको भन्ने विषय गम्भीर र कुटनैतिक मर्यादा विपरीत ठहर्छ । साथै मलेसिया कामदार पठाउन नेपालका सीमित व्यवसायीहरुबाट मात्रै कामदार लिन त्यहाँको गृह मन्त्रालयलाई लबिङ गरेको भन्ने समाचार सञ्चारमाध्यममा आएकाले यस विषयमा प्रष्ट पार्न दूतावाससँग यस लोकतान्त्रिक एशोसिएसन जोडदार माग गर्दछ ।
जुनसुकै प्रकारका नाममा खडा गरिने एकाधिकारको यस लोकतान्त्रिक एशोसिएसनले विरोध गर्ने र यस्ता खाले सिन्डिकेटविरुद्ध कडा प्रतिवाद गर्ने यसै विज्ञप्तिबाट जानकारी गराउँदछौं । लोकतान्त्रिक एशोसिएसन खुला, पारदर्शी र प्रतिस्पर्धात्मक व्यवसायमा विश्वास गर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतपत्रवाला सम्पूर्ण व्यवसायीहरुले स्वच्छपूर्ण प्रतिस्पर्धाको माध्यमबाट व्यवसाय गर्न पाउनुपर्ने मान्यता राख्दछ। लोकतान्त्रिक एशोसिएसन सीमित व्यक्ति/संस्था र व्यक्तिगत फाइदा लिन एकाधिकार लागू गर्न खोज्ने जोसुकैविरुद्ध कडा प्रतिकार गर्ने र त्यस्ता काम गर्ने मलेसियास्थित नेपाली दूतावासमा कार्यरत राजदूत, त्यो काममा राजदूतलाई सहयोग गर्ने उक्त दूतावासका कर्मचारीहरुलाई तत्काल नेपाल फिर्ता गरी कानूनी कारबाही गर्नसमेत नेपाल सरकारसमक्ष जोड्दार माग गर्दछ । गैरकानूनी कार्यमा संलग्न व्यक्ति/संस्थालाई कानूनी कारबाही गर्न नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले नेपाल सरकार, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, सम्पूर्ण घटक संस्थाहरुसहित यससँग सम्बन्धित सबै निकायमा जोडदार माग गर्दछ ।

**कुमुद खनाल**
**अध्यक्ष**

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com



# बढी शुल्क लिने विद्यालयलाई कारबाही

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन




काठमाडौं टोखा नगरपालिकाले तोकभन्दा बढी शुल्क लिने टोखाभित्रका संस्थागत विद्यालयलाई कारबाही गर्ने भएको छ।

नगरपालिकाले एक विज्ञप्ति जारी गरी विभिन्न मिति र समयमा नगरपालिकाभित्रका संस्थागत विद्यालयको अनुगमन तथा निरीक्षण गर्दा कतिपय विद्यालयले अभिभावकसँग नगरपालिकाले तोकेको मापदण्डभन्दा बढी शुल्क लिएको पाइएकाले त्यस्ता विद्यालयलाई कारबाही गर्न लागेको हो।

नगरपालिका शिक्षा शाखाका अधिकृत खगेन्द्रसिंह धामीले अनुगमनका क्रममा नगरपालिकाले तोकेकोभन्दा बढी शुल्क लिएको, कक्षा ११ को नतिजा समयमै प्रकाशन नगरेको, विद्यालयमा विद्यार्थीमैत्री वातावरण नभएको, शुल्क सम्बन्धमा अभिभावकसँग विवाद रहेको पाइएकाले त्यस्ता विद्यालयलाई कानूनी कारबाही गर्न लागिएको बताए।

अनुगमन तथा निरीक्षणका क्रममा विद्यालयको वातावरण सफासुग्घर नभएको, शैक्षिक सत्र २०८० को शुल्क प्रस्ताव नगरपालिकाको कार्यालयमा पेस नगरेको, अन्य तथा अतिरिक्त शुल्क बढी लिएको, मन्टेश्वरी सञ्चालनका लागि अनुमति लिएर कक्षा ३ सम्म सञ्चालन गरेको पाइएको शिक्षा अधिकृत धामीले बताए।

यस्तै, विद्यार्थीअनुसार डेस्क तथा बेन्चको व्यवस्था नभएको, विद्यालय प्रशासन र विद्यार्थीहरूका बीच सुमधुर सम्बन्ध नराखेको, मन्टेश्वरी कक्षाको अनुमति लिई नगरपालिकामा अभिलेखीकरण नगरेको, विद्यार्थीलाई हतोत्साहित हुने प्रकृतिका क्रियाकलाप गरेको, तहअनुसार योग्यता प्राप्त शिक्षक नभएको बताइएको छ। काठमाडौंको उत्तरी क्षेत्रमा रहेको टोखामा ११ वडा रहेका छन्। उक्त नगरपालिकाभित्र हाल ८४ वटा संस्थागत, नौ वटा सामुदायिक र तीन वैकल्पिक विद्यालय रहेका छन्।

# पश्चिमाञ्चल विकास मञ्चमा नयाँ नेतृत्व, अध्यक्षमा महत




**काठमाडौं/मस–** पश्चिमाञ्चल विकास मञ्चको १८ औं वार्षिक साधारण सभाले नयाँ नेतृत्व चयन गरेको छ।

शनिबार चन्द्रागिरी हिल्समा सम्पन्न सभाले आगामी ३ वर्षका लागि मदन कुमार महतको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको हो।

कार्यसमितिको उपाध्यक्षद्वयमा पूर्वसचिव शंकर पाण्डे र उद्योगपती शोभाकर न्यौपाने(अम्बे ग्रुप) चयन भएका छन्। यस्तै महासचिवमा योगराज कँडेल शर्मा, सचिवमा रामजी बराल, कोषाध्यक्षमा नारायण तिमिल्सिना र सह-कोषाध्यक्ष हुमा पाण्डे चयन भएका छन्।

साविक पश्चिमाञ्चाल विकास क्षेत्रलाई आफ्नो कार्यक्षेत्र मानेको मञ्चले त्यस क्षेत्रभित्र रहेका १७ जिल्लाबाट प्रतिनिधित्व हुने गरी सदस्यहरु पनि चयन गरेको छ।

कार्यक्रममा मञ्चले गरेको विविध गतिविधि एवं क्रियाकलापबारे जानकारी गराइएको थियो भने महासचिव एवं कोषाध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन समेत पारित गरिएको थियो।

मञ्चका अध्यक्ष चन्द्र प्रसाद ढकालको अध्यक्षता तथा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधिश कल्याण श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त सभामा पश्चिमाञ्चल क्षेत्रबाट राज्यका विभिन्न निकाय, अंग तथा व्यवसायीक क्षेत्रमा उच्च पदस्थ पदमा नियुक्ति तथा पदोन्नती भएका विशिष्ट व्यक्तिहरुलाई बधाई तथा शुभकामना प्रदान गरिएको थियो।

'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी', 'कर्मथलोबाट जन्मथलोलाई फर्केर हेरौं' भन्ने मूलमन्त्र बनाइ १८ वर्ष अघि पश्चिमाञ्चल क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउने उद्देश्यले मञ्चको स्थापना गरिएको थियो।

राजनीतिक तथा गैरनाफामूलक यो संस्था पश्चिमाञ्चल क्षेत्रमा जन्मभै राजधानीलाई आफ्नो कर्मथलो बनाएका सम्पूर्ण पश्चिमाञ्चलबासीहरुबीच आपसी भाइचारा एवं बन्धुत्वको भावना वृद्धि गर्ने साझा चौतारीको रुपमा रहेको छ।

मञ्चले यस क्षेत्रको धार्मिक, सांस्कृतिक कला, साहित्य, संगीत, खेलकुद जस्ता क्षेत्रको संरक्षण सम्बर्द्धन र प्रवर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गर्दै आइरहेको छ भने यस क्षेत्रसँग जोडिएको हरेक अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा क्षेत्रीय महत्वका विकास आयोजना कार्यान्वयनमा पहल कदमी, कृषि, पर्यटन, जलस्रोत, यातायात जस्ता विकासका पूर्वाधारका लागि सहजीकरण एवं वहस पैरवी जस्ता कार्यहरु गर्दै आइरहेको छ। यस्तै मञ्चले बाढी, पहिरो, भूकम्प जस्ता दैवी प्रकोप तथा विपत्तिबाट पीडित परिवार तथा समुदायका लागि यथाशक्य आर्थिक सहयोग, खाद्यान्न लत्ता कपडा, बसोबास लगायतका मानवीय सेवाका कार्यहरु पनि गर्दै आएको छ।

# एड्राडमा भट्टराईको अध्यक्षतामा नयाँ नेतृत्व चयन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन




अपांगता अधिकार र विकासका लागि क्रियाशिल नेपाल (एड्राड)मा नयाँ नेतृत्व चयन भएको छ।

१५ औं वार्षिक साधारणसभा एवम् छैटौं महाधिवेशनले सुगम भट्टराईको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो।

संस्थाको उपाध्यक्षमा रामप्यारी कार्की, महासचिवमा डा. वीरेन्द्रराज पोखरेल जो संस्थाका कार्यकारी निर्देशक समेत रहेका छन, सचिवमा कुशल न्यौपाने, कोषाध्यक्षमा मनिषा पौडेल सर्वसम्मत चयन भएका छन्। यस्तै सदस्यहरुमा रम्मी अमात्य, वृन्दा रञ्जीत, शिवप्रसाद अर्याल र अभिभावकको तर्फबाट लक्ष्मी देसार र क्षेत्रगत तर्फबाट झापाकी मनमाया तिमिल्सिना चयन भएकी छन्।

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक डा.वीरेन्द्रराज पोखरेलले एड्राड नेपालको स्थापनकाल निकै संघर्षपूर्ण रहेको स्मरण गर्दै संस्थागत यात्राका क्रममा आएका विविध जटिलता एवं आरोपहरुलाई चिर्दै अविराम रुपमा अगाडि बढिरहेको बताए।

संस्थाले दृष्टिसम्बन्धि अपाङ्गता भएका नागरिकका लागि पहुँयुक्त सूचना प्रविधिको विस्तार डेजी लगायत अनलाईन लाइब्रेरीको विकास र विस्तारमा योग्दान पुरयाउँदै आएको पोखरेलको भनाइ छ।

पोखरेलले अपांगता भएका नागरिकको अधिकार सम्बन्धी महासन्धि(यूएन सीआरपीडी) अनुमोदनका सन्दर्भमा राज्यसंयन्त्र एवं अन्य सरोकारवालालाई यूनसिआरपीडी अनुमोदनको आवश्यक्ता बुझाउन पनि एड्राड नेपालले महत्वपूर्ण भूमिका खेलेको स्मरण गराएका थिए। एड्राड नेपालले सबै प्रकारका अपाङगता भएका नागरिकको सशक्तिकरणमा काम गर्ने लक्ष्य राखेको पोखरेलको भनाइ थियो।

राष्ट्रिय अपांग महासंघ नेपालका अध्यक्ष देवीदत्त आचार्यले एड्राडले नेपाली अपाङ्गता आन्दोलनमा पुऱ्याएको योगदानको चर्चा गरे।

राष्ट्रिय तथ्यांक विभागका राजेश धिताल, नेपाल सरकारकी उपसचिव निरा अधिकारी, कृषि विकास बैंकका पूर्व सीइओ अनिल उपाध्यय, डिपीओडिकी नेपाल प्रतिनिधि रेनु लोहनी, परिवार नियोजन संघका शरद अर्याल लगायत अपाङगता अधिकारको आन्दोलनमा क्रियाशिल विभिन्न संघसंस्थाका प्रतिनिधीहरुले अपांगता भएका नागरिकको अधिकार एवं सशक्तिकरणका मुद्दामा एड्राड नेपालले गर्दै आएको पैरवीको प्रशंसा गरेका थिए।

कार्यसमिति सदस्य रामप्यारी कार्कीले स्वागत मन्तव्य राखेकी कार्यक्रममा कोशी प्रदेशकी मनमाया तिमिल्सिना र राप्ति बहिरा संघ दाङकी प्रतिमा शर्माले संस्थाले काठमाडौंभन्दा बाहिर दुरदराजमा भएका अपाङ्गता भएका नागरिकको समस्या र उनीहरुको पहुँचयुक्तता, क्षमता विकास, आत्मनिर्भरता र आत्सम्मानका लागि गरेका कामको प्रशंसा गरेका थिए। कार्यक्रममा कोषाध्यक्षको तर्फबाट संस्थाका लेखाप्रमुख सुमित कुमार मण्डलले संस्थाको वार्षिक आर्थिक प्रतिवेदन पेश गरेका थिए। कार्यक्रममा नवनिर्वाचित अध्यक्ष सुगम भट्टराईले संस्थालाई आगमी दिनमा अझ रचनात्मक रुपमा अगाडि बढाउन आफूहरु लागि पर्ने बताएका थिए।

# खुल्यो कोरियन भाषा परीक्षाको आवेदन

काठमाडौं/मस- वैदेशिक रोजगार विभाग ईपीएस कोरिया शाखाले कोरियन भाषा परीक्षाका लागि आवेदन माग गरेको छ। पानी जहाज कम्पनीमा कामदार पठाउन उम्मेद्वारको छनोटका लागि कोरियन भाषा परीक्षा सञ्चालन गर्न लागिएको ईपीएस कोरिया शाखाका प्रमुख तथा निर्देशक गुरुदत्त सुवेदीले जानकारी दिए। उनका अनुसार नेपाल सरकार र कोरियाबीच भएको समझदारीपत्रअनुरुप रोजगार अनुमति प्रणालीअन्तर्गत कोरियामा नेपाली नागरिकलाई लैजानका लागि आइतबार सूचनासमेत प्रकाशित गरिएको छ। कोरियन भाषा परीक्षाका लागि साउन २० देखि २४ गतेसम्म आवेदन दिन सकिने र आवेदकको उमेर १८ वर्ष पूरा भइ ३९ वर्ष ननाघेको तथा नेपाली नागरिक हुनुपर्ने शाखाद्वारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ।

# प्रारम्भिक बाल विकाससम्बन्धी पुस्तक लोकार्पण



**काठमाडौं/मस–**बालअधिकार र बालबालिकाहरुको क्षेत्रमा क्रियाशील संस्था चाईल्ड नेपालको सहकार्यमा तयार भएको प्रारम्भिक बाल विकाससम्बन्धी पुस्तक लोकार्पण भएको छ।

नेपालको प्रारम्भिक बाल विकाससम्बन्धी पाठ्यक्रम २०७७ लाई आधार मान्दै बालकक्षामा सिकाई क्रियाकलापलाई सहजीकरण गर्ने उदेश्यका साथ चाईल्ड नेपाल र बुढानिलकण्ठ नगरपालिकाको सहकार्यमा उक्त पुस्तक तयार गरिएको हो।

छहारी भवन बुढानिलकण्ठमा पुस्तक लोकार्पण गर्नुहुँदै बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले प्रारम्भिक बाल विकाससम्बन्धी ५५ वटा सिकाई कृयाकलापहरू समेटिएको उक्त पुस्तक शिक्षक/शिक्षिकाले प्रयोगमा ल्याउनुपर्ने बताए। उनले पुस्तकबाटनै धेरै कुरा बालबालिकाहरुलाई सिकाउनका लागि सहज हुने भन्दै सिकाई कृयाकलापलाई पुस्तकले सहजिकरण हुने बताए। कार्यक्रममा नगर शिक्षा प्रमुख ललित विक्रम सिंहले पुस्तकमा समेटिएको प्रारम्भिक बाल विकाससम्बन्धी ५५ वटा सिकाई कृयाकलापहरूले सहजकर्ताहरुको क्षमता अभिवृद्धिमा सहयोग पुर्याउनेमा जोड दिए। कार्यक्रममा चाईल्ड नेपालका अध्यक्ष डा.कृष्ण सुवेदी, नगर सामाजिक विकास समितिका संयोजक शान्ता पुडासैनी, विज्ञ शान्ता दाहाल, चाईल्ड नेपालका कार्यकारी निर्देशक मोहन दंगालले पुस्तक सम्बन्धमा चर्चा गरेका थिए।

## राप्रपा...

संसदीय दलको नेता फेरेको खण्डमा भने राप्रपाले साथ दिन सक्ने कतिपयको बुझाइ छ। सबै विकल्प खुला गरेर नेताहरु छलफलमा छन्।

राप्रपा अध्यक्ष लिङ्देनले भने कांग्रेस र एमाले मिलेर सरकार बनाएको हेर्ने चाहना रहेको बताउँछन्। उनी भन्छन्, 'हाम्रो चाहना कांग्रेस र एमाले मिलेर सरकार बनाउन् भन्ने छ। त्यो स्थायी सरकार हुन्छ। ५ वर्ष ढुक्कै हुन्छ। हामी प्रतिपक्षमा बस्छौं।'

## सुन...

एमालेले समिति गठनलाई प्रमुख एजेन्डा बनाएको थियो। उसले समिति गठनका लाथि रुलिङ गर्न सभामुख देवराज घिमिरेलाई आग्रह नै गरेको थियो। तर, सभामुखको रुलिङ नभएपछि उसले बैठक अवरोध गरेको थियो।

आइतबार सार्वजनिक लेखा समितिको बैठकमा बोल्ने सत्ता र प्रतिपक्ष दलका सांसदहरूले नै छानबिन समिति बनाउन आवश्यक रहेको बताए। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले उच्चस्तरीय छानबिन समिति बनाउने विषयमा लेखा समितिले मिल्ने भए निर्देशन दिन आवश्यक भएको बताए।

जनता समाजवादी पार्टीका सांसद प्रदीप यादवले पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट 'हात्ती छिराउन सकिन्छ' भन्ने प्रमाण अहिलेको सुन काण्ड भएको बताए। उनले १२ क्वीन्टल सुन प्रवेश गराएको चर्चा भएको भन्दै लेखा समितिसँग छानिबनको अधिकार भए समिति त्यसका लागि अग्रसर हुनुपर्ने बताएका थिए। नेपाली कांग्रेसका सांसद तेजुलाल चौधरी, सञ्जय गौतम, रामकृष्ण यादव र राजेन्द्र केसीले समेत सुन काण्डमाथि छानबिन गर्न समिति गठन गर्न सकिने बताएका थिए।

## सिजनल...

पनि आग्रह गरेको छ। गत वर्षदेखि दक्षिण कोरियाका विभिन्न शहरहरूसँग भगिनी सम्बन्ध कायम गर्दै केही स्थानीय तहले मौसमी कामदारको रूपमा नेपाली युवायुवतीलाई पठाउन तेस्रो पक्ष खडा गरेर रकम उठाउने गरेका थिए। केही स्थानीय तहले हाल पनि मौसमी कामदारका रूपमा पठाउने भन्दै मोटो रकम लिएर इजाजतबिनाका तालिम सञ्चालन गरिरहेको सार्वजनिक भइरहेको छ।

यस्तै मन्त्रालयले केही समययता नेपाली युवायुवतीलाई वैदेशिक रोजगारीका नाममा थाइल्याण्डबाट ट्राभल एडभाइजरी डकुमेन्टमार्फत म्यानमार पुऱ्याएर अलपत्र पार्ने र यातना दिने क्रम समेत बढेको बताएको छ। विभागसँग इजाजत लिएका म्यानपावर कम्पनीहरूले मात्र वैदेशिक रोजगारीमा कामदार पठाउन पाउने भएपनि एजुकेसन कन्सल्ट्यान्सी तथा ट्राभल एजेन्सीहरुले समेत गैरकानूनीरूपमा वैदेशिक रोजगारीको प्रलोभन देखाउने र ठगी गर्ने गरेको भन्दै मन्त्रालयले सचेत हुन रोजगार आकांक्षी युवायुवतीलाई आग्रह गरेको छ।

वैदेशिक रोजगारीको नाममा झुटो प्रलोभन देखाएमा वैदेशिक रोजगार विभाग, जिल्ला प्रशासन कार्यालय तथा आफ्नो पालिकामा रहेको रोजगार सेवा केन्द्रमा खबर गर्नसमेत मन्त्रालयको आग्रह छ।

## प्रगतिशील...

तथा निवेदनहरुलाई समन्वय गरी छलफलमार्फत समाधान गर्न गठित समन्वय समितिले वैदेशिक रोजगार व्यवसायी, उजुरीकर्ता र समन्वय समितिका सदस्यहरुबीच सहमति गराउँदा धेरैजसो उजुरी दर्ता हुनुअघि नै समाधान हुने गरेका छन्।

मञ्चका अध्यक्ष रावलले संघको सामाजिक उत्तरदायित्वअन्तर्गत मेलमिलाप कक्षाका लागि व्यवसायीहरूबाट स्वेच्छिकरूपमा रकम संकलन गरी संघका अध्यक्षलाई हस्तान्तरण गरिएको जानकारी दिए।

**सिंगल ट्र्याक नेपाल प्रा.लि. को**
**हकदाबि गर्न आउने बारे २१ दिने सूचना**

कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **सिंगल ट्र्याक नेपाल प्रा.लि. (प्रा.लि.नं ११४६९३/०७०/०७१)** को मिति २०८०/०३/३१ गतेको बिशेष साधारण सभाले कम्पनि खारेजि गर्ने निर्णय गरेकोले उक्त कम्पनि सँग कोहि कसैको लेन देन वा कम्पनिले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सुचना प्रकासित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय नयाँबजार काठमाण्डौमा सम्पर्क गर्नु हुँन संबन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ। अन्यथा तोकिएको म्याद भित्र हक दाबि गर्न नआए उक्त कम्पनिको दर्ता खारेजिको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटर :- राम प्रसाद तिवारी, ईजाजत नं:- ४२१**
**फोन नं :- ०१४३६०२७५, ९८५१०६८४११ Email:–clnpservice@gmail.com**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७०/११/०६ मा दर्ता भएको **प्रा.लि. नं. ११९८५९** को **आइमान कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१०/२० मा दर्ता भएको **प्रा.लि. नं. २५४७०२** को **टेक फिड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश**

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो। यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं।

**मुख्य लक्षणहरू:**


- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

**रोग सर्ने मुख्य कारणहरू**

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

**उपचार तथा रोकथाम**

- ठोस उपचार छैन।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने।



**ताप्ली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रुपाटार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**FREE VISA, FREE TICKET सहित कतारमा रोजगार**

कम्पनी: **KAEFER** | शहर: **Qatar,Doha**
पुर्व स्वीकृत मिति: २०७९/१२/०३ | चलानी नं.: ६०१९८३५४ | L.T. No.: 282905 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisior | 1 | 0 | | 2500 | ९०,१०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २२ गते (7 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**यसै कम्पनीका लागी SCAFFOLDER को पनि माग भई आएको हुँदा नि:शुल्क परामर्शको लागी सम्पर्क गर्नुहोला।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD.
2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np

# स्वचालित प्रणालीमार्फत पेसी तोक्न प्रधानन्यायाधीशलाई बारको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन

प्रधानन्यायाधीश हरिकृष्ण कार्कीसमक्ष नेपाल बार एसोसिएसनले पूर्ण स्वचालित प्रणाली लागू गर्न आग्रह गर्दै ध्यानाकर्षणपत्र बुझाएको छ ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेसहितको बारको टोलीले बुझाएको ज्ञापनपत्रमा पेसी व्यवस्थापन गर्दा अविलम्ब पूर्ण स्वचालित प्रणाली लागू गर्न आग्रह गरिएको हो ।

प्रधानन्यायाधीश कार्कीले आफ्नो नेतृत्वमा बनेको प्रतिवेदन न्यायालयको सुधारकै लागि बनाएको अदालतको विकृति र विसंगति अन्त्य गर्नका लागि नै बनाएको बताए । उनले मुद्दामा पारदर्शिता होस् भनेर गोला प्रक्रियाको व्यवस्था गरेको समेत बताए ।

बारको १५औं राष्ट्रिय सम्मेलन र वीरगञ्जमा सम्पन्न केन्द्रीय कार्यकारिणी परिषद्को ४८ औं बैठकको निर्णयबमोजिम जारी घोषणापत्रको प्रकरण नं १ मा पूर्ण स्वचालित प्रणालीमार्फत पेसी व्यवस्थापन गर्ने निर्णय गरेको हो ।

वर्तमान प्रधानन्यायाधीश कार्की नेतृत्व र बारका संलग्नतामा न्यायापालिकामा हुन सक्ने विकृति, विसंगति, अनियमितता र भष्ट्राचार एवं विचौलियाहरुबाट हुन सक्ने क्रियाकलापहरु र त्यसको रोकथामका लागि चाल्ने उपायसहितको प्रतिवेदनको कार्यान्वयन गर्न र स्वतन्त्र न्यायपालिकाको रक्षा गर्न बारले माग गरेको हो ।

बारका अध्यक्ष घिमिरेले कार्की प्रतिवेदन कार्यान्वयन प्रक्रिया तत्काल सुरु गर्नुपर्ने टड्कारो आवश्यकतालाई मध्यनजर गर्दै उक्त प्रतिवेदनलाई सर्वोच्च अदालतको पूर्ण बैठक (फूल कोर्ट) ले स्वामित्व ग्रहण गरी यथाशीघ्र कार्यान्वयनको प्रक्रिया सुरुवात गर्न अनुरोध गरे । बारले सो अवसरमा लामो समयसम्म न्यायाधीश नियुक्ति हुन नसक्दा न्याय सम्पादन प्रक्रियामा कठिनाइ हुन गएकोसमेत जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'सर्वोच्च अदालतको प्रधान न्यायाधीश पद पुनः२०८० साउन २० गतेदेखि रिक्त हुन गइरहेको छ । यसै सन्दर्भमा सर्वोच्च अदालतको प्रधान न्यायाधीश नियुक्ति सिफारिस गर्न संवैधानिक परिषद्को बैठक यथाशिघ्र राखी प्रधान न्यायाधीश नियुक्तिको वातावरण बनाउनुको साथै सर्वोच्च अदालत लगायत सबै तहका अदालतहरुमा रिक्त रहेको न्यायाधीश नियुक्ति प्रक्रिया नेपाल बार यशोसिएशनको ४८ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठकको निर्णय समेतलाई मध्यनजर गरी तत्काल निष्कर्षमा पुऱ्याउनको लागि समेत पुनः ध्यानकर्षण गराउँदछौं ।

# इस्लामी सभ्यताको विषयमा अन्तरक्रिया

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, १४ साउन

नेपालमा इस्लामी सभ्यताको विषयमा मुस्लिम बुद्धिजीवीहरूले एक अन्तरक्रिया कार्यक्रममा गरेका छन् । इस्लामी संघ नेपालको बागमती सभा कक्षमा मुस्लिम बुद्धिजीवी र युवाहरूको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि पूर्वमन्त्री मोहम्मद जाकिर हुसैनले कार्यपत्र प्रस्तुत गर्दै नेपालमा इस्लामी सभ्यता, मुस्लिमको इतिहास, संस्कृति र पहिचानका आधारहरूको बारेमा विचार राखे । उनले राज्य पुनर्संरचनाको बखतमा पहिचान केन्द्रित छलफल र आन्दोलनमा मुस्लिम समुदायको भूमिका र मुस्लिम समुदायले निर्माण गरेको भाष्यको बारेमा उल्लेख गर्दै मुस्लिम समुदायले संविधानमा आफ्नो छुट्टै राष्ट्रिय पहिचान स्थापित गर्न सफल भए पनि संविधान कार्यान्वयन पक्ष फितलो हुँदा मुस्लिम समुदायले आफ्ना अधिकारहरूको सदुपयोग गर्न नपाइरहेको अवस्थाबारे चिन्ता व्यक्त गरे । पूर्वमन्त्री हुसैनले बाराको सिम्रौनगढमा मुस्लिमहरूले राजा हरिसिंह देवलाई पराजित गरी राज्य चलाएको, संवत् १७०० तिर राजा भास्कर मल्लले एकजना मुसलमानलाई काजी (तत्कालीन समयमा प्रधानमन्त्री) नियुक्त गरेको, पृथ्वीनारायण शाहले राष्ट्र निर्माणको अवसरमा मुस्लिमहरूलाई सैन्य प्रशिक्षण, हतियार निर्माण र युद्धमा प्रयोग गरेको, मुस्लिम दूतलाई बेतिया पठाई कुटनीतिक क्षेत्रमा मुस्लिमबाट सेवा लिएको जस्ता अन्गिन्ति ऐतिहासिक वृत्तान्तहरू रहेको बताए ।

हुसैनले नेपालमा इस्लामी सभ्यताका कैयौं महत्वपूर्ण तत्वहरूको वर्णन गरे । उनले भीमसेन स्तम्भ, रामजानकी मन्दिर, घण्टाघरजस्ता कैयौं धरोहर इस्लामी सभ्यताका सम्पदाहरू भएको उल्लेख गरे । नेपालमा इस्लामी सभ्यताको विकासबारे औंल्याउँदै हुसैनले कमलमणि दीक्षितले ढाकाको टोपी र टर्कीको डिजाइनको फ्युजन गरेर पाल्पामा ढाका टोपी निर्माण शुरु भएको लेखेको उल्लेख गरे । उनले प्रताप मल्लले हनुमान ढोकामा १८ वटा भाषामा शिलालेख राख्दा फारसी भाषामा पनि शिला कुँदेको इस्लामी सभ्यतातर्फ इंगित गर्दै मल्लकालमा फारसी लिपिमा लेखिएको सिक्का प्रचलनमा रहेका बताए । उनले पहाडी जिल्लामा मुसलमानहरूका पुराना बस्तीहरू पुराना दरबारहरू वरिपरि रहेबाट मुस्लिम सभ्यता राजकीय सुरक्षासँग जोडिएर विकसित भएको तर्क गरे । रिसर्चर र स्थापित मुस्लिम लेखकसमेत रहेका हुसैन मुस्लिमहरूको इतिहासलाई रत्न मल्लसँग मात्र जोडेर समुदायको नेपाली सभ्यता र इतिहासलाई नै खुम्च्याउने काम भएको बताए । उनले अधिकांश मुसलमान मधेशको भूमिमा प्रचीनकालदेखि नै बसोबास गर्दै आएको तथा उनीहरू पछि इस्लाममा प्रवेश गरेको र कतिपय मुस्लिमहरू दशौं, एघारौं र बाह्रौं शताब्दीमा दक्षिण र मध्य भारतबाट उत्तरी भारत र मध्यदेश (मधेश) मा बसाइ सरेको बताए । त्यतिबेला वर्तमान नेपालको अस्तित्व नरहेकोले उनीहरूलाई आगन्तुक भन्न नमिल्ने बताउँदै उनीहरू भूमिपुत्र वा आदिवासी नै भएको उनले जिकिर गरे । हुसैनले नेपाली शब्दकोशका हरेक पानामा अरबी, फारसी, उर्दू, टर्की, बंगाली, अवधी आदि मुस्लिम सभ्यता एवम् संस्कृतिसँग सम्बन्धित भाषाहरूका शब्दहरू रहेको उल्लेख गरे । हुसैनले नेपालको राजनीति भारतीय राजनीतिबाट प्रभावित हुँदै आएको र भारतमा हिन्दूवादी राजनीति मजबुत हुँदै गर्दा भारतीय उपमहाद्विपमा नै धर्मनिरपेक्षता जोखिममा पर्दै गएको बताए । हुसैनले मुस्लिम समुदायले आफ्नो धर्म, संस्कृति, इतिहास, सभ्यता र संवैधानिक अधिकारबारे हेक्का राख्नुपर्ने, उ स्वयं यस देशको निर्माता, शासक र नागरिक भएको हुनाले उसले कुनै कुरामा पनि हीनताबोधको सिकार हुनु नपर्ने बताए । उनले मुस्लिम समुदायका बुद्धिजीवी, राजनीतिकर्मी, अधिकारकर्मी, युवा पुस्तामा मुस्लिम समुदायको वास्तविक इतिहास, इस्लामी सभ्यता र पहिचानका आधारहरूबारे नवीन राष्ट्रिय छलफलको आवश्यकता रहेको बताए । कार्यक्रममा प्राध्यापक डा. इमरान अन्सारी, इस्लामी संघका पूर्व अध्यक्ष गुलाम रसूल फलाही र मुस्लिम पत्रकार, विद्यार्थीलगायतको उपस्थिति रहेको थियो ।

# एनसीसी कतारका नवनिर्वाचित अध्यक्ष भट्टका महत्वकांक्षी योजनामा प्रतिबद्धता

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १४ साउन

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारको दशौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ । २०२१-२३ को सम्मान तथा पुरस्कार वितरण, आय तथा कार्य प्रगती विवरण, २१/२३ कार्यकालको आयव्यय छानबिनका लागि समिति गठन, अनुशासन समिति गठनसहित नवनिर्वाचित कार्यसमितिलाई शपथ ग्रहण गराउँदै महाधिवेशन सम्पन्न भएको हो । कतारमा सफल व्यवसायीको परिचय बनाएका बागलुङका रमेश भट्टको अध्यक्षतामा एनसीसीको नयाँ कार्यसमिति निर्वाचित भएको हो । शपथ ग्रहण पश्चात् भट्टले महाधिवेशनमा आफ्ना धन्यवाद मन्तव्य राखेका थिए । आफ्ना प्रतिबद्धतात्मक भनाइ राख्ने क्रममा भट्टले चुनावी माहोलमा आफू होमिँदा आफैंले उम्मेदवारी किन भनी सार्वजनिक गरेका केही प्रतिबद्धतालाई आफ्नो धन्यवाद मन्तव्यमा दोहोराएका छन् । कतारमा रहेका सबै नेपालीका समस्याहरू सबैका साझा समस्या हुने उनको भनाइ छ । उनले नेपाली राजदूतावाससँग समन्वय गरेर श्रमिकको समस्या समाधान द्रुत गतिमा गर्ने, नेपाल सरकारले प्रवासमा रहेका मजदुरको हितको लागि शुरु गरेको श्रमिक कल्याणकारी कोषमा अधिकतम सहभागिता गराउन लागि सचेतना अभियान सञ्चालन गर्ने, श्रमिक विभागलाई थप प्रभावकारी बनाउँदै कल्याणकारी कोषलाई मजबुत बनाउने अभियान सञ्चालन गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।

उनले कतार सरकारको विभिन्न निकायहरूसँगको संस्थागत सम्बन्धलाई थप मजबुत बनाउँदै नेपाली श्रमिकहरूको लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरूलाई प्राथमिकता दिएर सञ्चालन गर्ने लगायतका मजदुरका मुद्दा पहिलो प्राथमिकतामा राखेको बताए । संस्थाका हरेक गतिविधिमा सम्पूर्ण पार्षद् सदस्यको पहुँच हुनुपर्छ भन्ने हेतुले एनसीसी कतारका हरेक गतिविधिलाई मासिक रूपमा र आर्थिक प्रतिवेदन त्रैमासिक रूपमा सार्वजनिक गर्ने प्रतिबद्धता दोहोऱ्याए । संस्थाका पदाधिकारीले आफ्नो कार्यसम्पादनको रिपोर्ट कार्यसमिति बैठकमा प्रस्तुत गरी त्यसको समीक्षा गर्ने, नेपालको पहिचान झल्कने नेपाली साहित्य, कला र संस्कृतिलाई कतारमा आयोजना हुने विभिन्न प्लाट फर्महरूमा प्रस्तुत गर्ने र कतारमा रहेका स्रष्टा कलाकारलाई प्राथमिकता दिइने उनको भनाइ थियो । कतारमा रहेका नेपालीहरूबीच आपसी भाइचारा तथा एकताको भावना जोगाउँदै नेपाली सम्पदाको प्रवर्द्धन गर्न नियमित सामुदायिक कार्यक्रम, नेपाली साहित्य, कला, सांस्कृतिक कार्यक्रम साथै नेपालमा मनाइने सबै चाडपर्वहरू सामुदायिक स्तरमा आयोजना गरी परस्पर भातृत्वको विकास गर्ने बताए । नेपाली श्रमिकका समस्याहरूलाई सम्बोधन गर्न रोजगारदाताहरू एवं आवश्यकता अनुसार स्थानीय अधिकारीहरूसँग समन्वय गर्दै कानूनी मामिलाहरू, रोजगारीका समस्याहरू, स्वास्थ्य सेवा र शिक्षामा सहायताका लागि एक प्रणाली स्थापना गरी निरन्तर सेवामूलक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको उनले बताए ।

सामाजिक सुरक्षा कोष तथा आइपीओ सम्बन्धी कतारमा रहेका नेपाली बैंकका प्रतिनिधीहरुसँगको समन्वयमा सचेतनामूलक कार्यक्रम गरी आम श्रमिकहरूको सहभागिता र आवद्धता सुनिश्चितताको लागि प्रयास गर्ने भट्टको भनाइ थियो । गैर आवासीय नेपाली संघ (आइसीसी) को पछिल्लो अधिवेशनबाट संख्या देखिएको विवाद र एकताको लागि भएको लिखित सम्झौताको भावना अनुरूप कतारमा रहेको अर्को पक्षसँग वार्ता गरेर आइसीसीको आसन्न महाधिवेशन अगावै एकताका लागी संकल्प प्रस्ताव महाधिवेशनमा पेस गरे । उनले पेस गरेको प्रस्ताव महाधिवेशनले पारित गरेको छ भने भट्टले एनसीसीको पहिलो बैठकबाट वार्ता टोली निर्माण गरी अर्को पक्षसँग वार्तालाई अगाडि बढाउने प्रतिबद्धता जनाए । आफ्नो मन्तव्यका क्रममा भट्टले विभिन्न उतार-चढावका बीच शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउने निर्वाचन समिति, अनुगमन समिति, अग्रजहरू निवर्तमान कार्यसमिति प्रति हार्दिक धन्यवाद व्यक्त गरे । निर्वाचनको प्रक्रियामा जो जहाँ भए पनि अब सबैको साझा उद्देश्य गैरआवासीय अभियानलाई अगाडि बढाउने र नेपालको विकासमा सहयोग गर्ने रहेको बताउँदै उपविजेताहरुको कार्य योजनामा पनि आफूले कार्य गर्ने बताएका थिए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०४/१५**

**सोल अफ नेपाल मुभिज प्रा.लि.** को मिति २०८०/०३/०१ गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वायन फिल्म्स प्रा.लि. (प्रा.लि. नं.: ३०२२६०)** कायम गर्ने गरी मिति २०८०/०४/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०३/०३ मा दर्ता भएको **प्रा.लि. नं. १९१८२६** को **सेल्फ इम्प्लोयमेन्ट ट्रान्सपोर्ट सर्भिस प्रा.लि.**को मिति २०८०/०२/२२ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०४/०६ मा दर्ता भएको **प्रा.लि. नं. १५२३२८** को **मितेरी कृषि तथा मत्स्यपालन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सुमेरु ओभरसिज प्रा.लि.को अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **सुमेरु ओभरसिज प्रा.लि.** (श्रम इजाजत पत्र नं. १३६०/०७४/०७५) को पि.आर.ओ. हुँ भनि साबिक ठुलो धादिङ-२, सिन्धुपाल्चोक हाल लिसंखु पाखर-१, सिन्धुपाल्चोक स्थायी घर भएका **बिसु लामा (नागरिकता नं. १०२३/१४८)** भन्ने व्यक्तिले विभिन्न व्यक्तिहरुबाट वैदेशिक रोजगारको नाममा राहदानी र रकम संकलन गरेको भन्ने सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । निज व्यक्ति यस प्रा.लि.को कुनै पनि आधिकारिक कर्मचारी नभएको र यस प्रा.लि.को कुनै एजेन्ट तथा शाखा कार्यालयमा समेत नरहेको यसै सूचनाद्वारा जानकारी गराइन्छ । निज र यस प्रा.लि.को आधिकारिक व्यक्तिबाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं । यस प्रा.लि.को नाममा कुनै अनिधिकृत व्यक्तिहरुले वैदेशिक रोजगारसम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**सुमेरु ओभरसिज प्रा.लि.**
बसुन्धरा, काठमाडौं, फोन नं. ४३८१५११, ४३६६०४५
E-mail : sumeruover@gmail.com
श्रम इ. पत्र नं.: १३६०/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : NORTH COUNTRY TRANSPORT CORPORATION
शहर: Sakaka Al Jour

पूर्व स्वीकृत मितिः २०८०/०४/१४ चलानी नं.: ६०२०५३९२ L.T. No.: 290084

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २२ गते (7 Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com
श्रम इजाजत नं. ४४/०४९/०५०

## साउदीमा रोजगार

कम्पनी : RETAIL WORLD TRADING CO.
शहर: Saudi Arabia, Dammam

पूर्व स्वीकृत मितिः २०८०/०४/१४ चलानी नं.: ६०२०५३९७ L.T. No.: 290035

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
